# मलंगवा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### मलंगवा, सर्लाही
### मधेश प्रदेश,नेपाल

प.सं. मिति २०७९।०९।०६

च.नं.:

मलङ्गवा नगरकार्यपालिकाको मिति २०७९ मंसिर २१ र पुस ५ गते सम्पन्न भएका बैठकहरूबाट भएका प्रस्ताव तथा निर्णयहरू देहायअनुसार रहेका छन् :

(क) २०७९ मंसिर २१

प्रस्तान नं १ : पहिले भएका निर्णयहरूको कार्यान्वयन समीक्षा सम्बन्धमा

निर्णय : गत असोज १३ गते भएको बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । आगामी दिनमा यी निर्णयहरू क्रमश: कार्यान्वयन गर्दै जाने ।

प्रस्तान नं २ : नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका लागि बजेट व्यवस्था अनुमोदन सम्बन्धमा

निर्णय : सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्न नगरसभाबाट स्वीकृत आ व ०७९।८० को चालु खर्चतर्फ सि नं १३ ब शि नं २१२१४ 'सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च' शीर्षकबाट रकमान्तर गरी यस कार्यका लागि रू ५,००,००० व्यवस्थापन गर्ने नगरप्रमुख स्तरीय निर्णयको अनुमोदन गर्ने

विशेष प्रस्ताव : अन्य विषयहरूको सम्बन्धमा

निर्णय : यस बैठकमा प्रस्तुत भएका अन्य विषयहरूका सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने ।

(ख) पुस ५ गते

प्रस्तान नं १ : सबै वडा कार्यालयहरूको जिन्सी अनुगमन र पुराना सामग्रीको खोजी तथा व्यवस्थापन सम्बन्धमा

निर्णय : तत्कालै वडा कार्यालयहरूको अनुगमन गरी अभिलेख व्यवस्थित गर्ने साथै कोही कसैका नाममा नगद जिन्सी बक्यौता रहे फिर्ता समेत गरी गराई व्यवस्थापन गर्ने ।

प्रस्तान नं २ : करारवाट हटाइएका कर्मचारी व्यवस्थापनसम्बन्धमा नगर प्रमुखबाट गरिएको म्याद थप गर्ने निर्णयको अनुमोदन सम्बन्धमा

निर्णय : नगरकार्यपालिका बैठक २०७९।६।१३ को निर्णयअनुसार नगरप्रमुख स्तरीय निर्णयबाट विभिन्न पदका ५१ जना कर्मचारीको करार म्याद थपका साथै तथा कार्यालय सहयोगी र हलुका सवारी चालक १,१ जनाको नियुक्तिलाई अनुमोदन गर्ने ।

प्रस्तान नं ३ : वडाहरुमा डोर हाजिरीमा काम लगाइएका व्यक्तिहरू एकिन गरी स्वीकृत गर्ने सम्बन्धमा

निर्णय : वडाबाट २०७९ साउन यता नगरपालिकामा डोर हाजिरी पेश भएका विभिन्न पदका व्यक्तिहरू मध्येबाट ७ दिन भित्रमा वडा समितिको निर्णयसहित पेश हुने स्वास्थ्य तर्फका कार्यालय सहयोगी, मेस्तर, वडा रक्षक, कार्यालय सहयोगी र कम्प्युटर अपरेटर, अमिन सूचीअनुसार मङ्सिर मसान्तसम्मको रकम भुक्तानी दिने र २०७९ पुस १ गतेदेखि अर्को व्यवस्था नभएसम्म देहाय अनुसारका संख्यामा मात्र मेस्तर, कार्यालय सहयोगी र कम्प्युटर अपरेटर र अन्य पदमा डोर हाजिरी कायम गर्ने :

| वडा नं. | मेस्तर/ स्वीपर | कम्पुटर अपरेटर | कार्यालय सहयोगी | स्वास्थतर्फ का स |
|---|---|---|---|---|
| १ | २ जना | १ जना | १ जना | - |
| २ | १ जना | १ जना | - | १ |
| ३ | ४ जना | १ जना | १ जना | - |
| ४ | २ जना | - | १ जना | १ |
| ५ | २ जना | - | १ जना | १ |
| ६ | ३ जना | १ जना | - | १ |

मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मलंगवा, सर्लाही मधेश प्रदेश स्थापित २०७३

प.सं. मिति २०७९।०९।०६

च.नं.:

| | | | | |
|---|---|---|---|---|
| ७ | ३ जना | १ जना | - | १ |
| ८ | १ जना | १ जना | - | - |
| ९ | ५ जना | १ जना | १ जना | १ |
| १० | १ जना | १ जना | १ जना | १ |
| ११ | १ जना | x | १ जना | - |
| १२ | ३ जना | x | छ | १ |
| जम्मा | २८ जना | ८ जना | ७ जना | ८ जना |

साथै डोर हाजिरीको सुविधा प्रति महिना मेस्तर रू १५०००, वडा रक्षक र कार्यालय सहयोगी रू १८००० र कम्प्युटर अपरेटर रू २१००० का दरले भुक्तानी गर्ने ।

प्रस्तान नं ४ : सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धमा

निर्णय : विधेयक समितबाट स्कृत भई पेश भएको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७९ पारित गर्ने । साथै आजकै मितिबाट लागु गर्ने गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने ।

प्रस्तान नं ५ : सामी कार्यक्रम सञ्चालनका लागि भएको निर्णय अनुमोदन तथा सुरक्षित आप्रवासन प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि कर्मचारी छनोट प्रक्रिया सम्बन्धमा

निर्णय : परियोजना कालदेखि कार्यरत ६ पदका ८ जना कर्मचारीलाई नगरप्रमुख स्तरीय निर्णयबाट गरिएको सेवा करार अनुमोदन गर्ने र यस कार्यक्रमका लागि ९ र अन्य १ गरी १० पदपूर्ति गर्न मिति २०७९ असार २४ गते भएको विज्ञापनको अवधिमा ७ दिन थप गरी कर्मचारी छनोटका सम्पूर्ण कार्य पूरा गर्न देहायअनुसार कर्मचारी छनोट समिति गठन गरी जिम्मेवारी दिने :

१ सयोजक प्रमुख प्रशासकीय अधिकृत

२ सदस्य नगर प्रमुखबाट मनोनित विज्ञ १ जना

३ सदस्य सचिव प्रशासन शाखा प्रमुख नगरपालिका ।

प्रस्तान नं ६ : वडा कार्यालय सञ्चालन बजेट र खर्चको मापदण्ड निर्धारण ।

निर्णय : गत आवमा विनियोजन गरे जस्तै चालु आवमा पनि मासिक रु ३५,००० चालु निकाशा दिने । र देहायका प्रशासनिक कार्यमा खर्च गर्ने

१ वडा तहका बैठकमा अतिरिक्त खाजा खर्च

२ वडामा सञ्चार व्यवस्था

३ सामान्य मर्मत सम्भार र सरसफाइ

४ वडा कर्मचारी इन्धन खर्च

५ विविध खर्च ।

साथै सबै वडाबाट कर सङ्कलन र बाँकि बक्यौता उठाउन र नगरपालिकाको स्रोत वृद्धि गर्न पहल गर्ने ।

प्रस्तान नं ७ : निजी लगानीका स्वास्थ्य संस्थाहरुको दर्ता तथा नियमन सम्बन्धमा

निर्णय : स्थानीय तहमा निजी लगानीका स्वास्थ्य संस्थाहरुको दर्ता तथा नियमन गर्न कार्यविधिको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने ।

प्रस्तान नं ८ : नयाँ बसपार्क हस्तान्तरण र सञ्चालन सम्बन्धमा

निर्णय : नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन

# मलंगवा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### मलंगवा, सर्लाही
### मधेश प्रदेश,नेपाल

मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मलंगवा, सर्लाही मधेश प्रदेश स्थापित २०७३

प.सं. मिति २०७९।०९।०६

च.नं.:

इकाइ जनकपुर, सर्वदलीय बैठक सहमती र बस व्यवसायी संघसँग समन्वय तथा प्राविधिक अध्ययन समेत गरी नवनिर्मित बसपार्क हस्तान्तरण स्वीकार गरी बसपार्क सञ्चालनमा ल्याउने ।

प्रस्तान नं ९ : पेश्की फर्यौट र बेरूजू सम्परीक्षण सम्बन्धमा

निर्णय : नगरपालिकाबाट बढीमा २१ दिनसम्म समय दिई तत्काले पेश्की फर्स्यौट गराउने प्रक्रिया अघि बढाएको निर्णय अनुमोदन गर्ने तथा नगरपालिकाका नाममा कायम बेरूजू कम गर्न विस्तृत कार्य योजना बनाइ लागु गर्ने ।

प्रस्तान नं १० : कृषकलाई उन्नत गहुँको बीउ वितरण गर्ने सम्बन्धमा

निर्णय : नगरपालिकाबाट गहुँको बिउ आपूर्तिका लागि दरभाउपत्र प्रकाशित गरेता पनि टेण्डर परेका फर्मबाट पनि आपूर्ति गर्न असमर्थ रही हाल कृषकलाई उन्नत बिउ वितरण गर्न नसकिएकाले आगामी वर्ष समयमै कार्य सम्पादन गर्ने ।

प्रस्तान नं ११ : नगरपालिकाको सन्देशमूलक गीत सम्बन्धमा

निर्णय : देहायको गीत तथा संगीतलाई स्वीकृत गरी आजैबाट सार्वजनिक गर्ने । यसका लागि नगरस्तरीय कार्यक्रमको 'सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च' शीर्षकबाट रू १ लाख रकमान्तर गर्ने ।

मलंगवा नगर गीत

निर्माण: मलंगवा नगरपालिका, सर्लाही, संगीत: सन्तोष कर्ण
स्वर: सन्तोष कर्ण र श्रेया नेपाल / शब्द: गेहनाथ गौतम

हाम्रो मलंगवा प्यारो मलंगवा
हाम्रो मलंगवा प्यारो मलंगवा ।
मलङ् बाबा, राजदेवी, झिलमिलिया माई
बाबा स्वामी, शिवसागर मेला भर्न आई
जिलानिया, राजा मस्जिद नमाजका वाणी
सर्लाहीका मलंगवासी सभ्य, स्वाभिमानी ।
हाम्रो मलंगवा प्यारो मलंगवा ।
कृषि, व्यापार, पशुपालन, पोखरीका माछा
शिक्षा, स्वास्थ्य, रोजगारी सबैलाई आशा
बुद्धिजिवी, अगुवाको मार्ग पछ्याउँदै
अघि बढ्दै समृद्धि र सुशासन ल्याउने ।
हाम्रो मलंगवा प्यारो मलंगवा ।

साथै बज्जिका लगायतका स्थानीय भाषामा रूपान्तर गरी तयार समेत गर्दै जाने ।

प्रस्तान नं १२ : लामखुट्टे/कालाजार विरुद्धको विषादी छर्कने सम्बन्धमा

निर्णय : लामखुट्टे/कालाजार विरूद्धको विषादी प्रदानसहित प्राविधिक सहयोग पुर्याएकामा जिल्ला स्वास्थ्य कार्यालय सर्लाही र जोखिमपूर्ण कार्यमा खटी कार्य गर्नै मजदुरप्रति धन्यबद व्यक्त गर्ने । बाकि रहेका स्थानमा पनि यसको व्यवस्था गर्ने । साथै व्यवस्थापन खर्च रू ६ लाख ५० हजार अनुमोदन गर्ने । र आगामी दिनमा यस कार्यलाई अझ व्यवस्थित गर्ने ।

प्रस्तान नं १३ : सडक चौडा गरी निर्माण गर्ने सम्बन्धमा

निर्णय : मलंगवा नवलपुर जिल्ला राजमार्ग/ सहायक राजमार्गको सडक खण्डमा पहिलेदेखि चौडाइ कायम गरी

# मलंगवा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### मलंगवा, सर्लाही
### मधेश प्रदेश,नेपाल

प.सं. मिति २०७९।०९।०६

च.नं.:

निर्माण भएअनुसार नै (१५ मिटर) बीच बजारको मुख्य सडक श्रीमती कृष्णादेवी माविदेखि नगरपालिका चोक हुँदै राजश्री सिनेमासम्मको चौडाइलाई रेखाङ्कन गरी सोही अनुसार निर्माण कार्य अघि बढाउने र यसका लागि तत्काले १५ दिने सार्वजनिक सूचना जारी गर्ने।

प्रस्तान नं १४ : जनसागर पोखरीलाई पर्यटनउन्मुख व्यवस्थापन गर्ने सम्बन्धमा

निर्णय : पहिलो चरणमा बजार क्षेत्रमा रहेको जनसागर पोखरीमा तत्कालै पूर्वाधार विकास गरी बोटिङ्को परीक्षण प्रारम्भ गर्ने। साथै मलंगवा नगरपालिपका क्षेत्रमा माछा पालन र पोखरी व्यवस्थापन कार्यलाई थप उन्नत बनाउने सम्बन्धमा विज्ञ समूहबाट अध्ययन गराउने।

प्रस्तान नं १५ : आयोजनाको कन्टिजेन्सी व्यवस्थापन कार्यविधि, २०७९ लागु गर्ने सम्बन्धमा

निर्णय : विकास निर्माण आयोजनाहरूको व्यस्थापनमा सहजता ल्याउन र आर्थिक अनुशासन कायम गर्न विधेयक समितिबाट स्वीकृत भई पेस भएको कन्टिजेन्सी व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने। साथै आजकै मितिबाट लागु गर्ने गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

प्रस्तान नं १६ : विकास आयोजना निर्माण कार्यस्थलमा सूचना पाटी राख्ने सम्वन्धमा

निर्णय : नगरपालिकाबाट सञ्चालन हुने २ लाख ५० हजार भन्दा बढी लागतका आयोजनाहरूका बारेमा आयोजना स्थलमा निर्माण कार्यस्थल सूचना पाटी अनिवार्य गर्ने।

प्रस्तान नं १७ : मलंगवा प्रवेश गर्ने सिमानामा स्वागतद्वारहरू निर्माण गर्ने सम्वन्धमा

निर्णय : पूर्वपश्चिम राजमार्गको नवलपुर खण्ड, मुसैली सिमा र झिम नदी नजिकबाट मलंगवा नगरपालिका प्रवेश विन्दुहरूमा आकर्षक स्वागतद्वारहरू निर्माण गर्न तत्कालै डिजाइन तयार गर्ने र क्रमशः स्रोत खोजी निर्माण गर्ने।

प्रस्तान नं १८ : सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित बनाउने सम्वन्धमा

निर्णय : मलंगवा नगरपालिकाअन्तर्गत सामाजिक सुरक्षा भत्ता वडागत रूपमा देहायअनुसार बैकहरूलाई जिम्मेवारी दिने :

| क्र.सं. | वडा नं | हाल साभत्ता वितरण गरिरहेका बैंक.सु. | सा भत्ता वितरणको लागि .सु. प्रस्तावित बैंक | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं १ | नविल बैंक लि. | सिभिल बैंक लि | |
| २. | वडा नं २ | नविल बैंक लि. | नविल बैंक लि. | यथावत |
| ३. | वडा नं ३ | नविल बैंक लि. | नविल बैंक लि. | यथावत |
| ४. | वडा नं ४ | नविल बैंक लि. | महालक्ष्मी विकास बैंक लि. | |
| ५. | वडा नं ५ | प्रोग्रेसिभ फाईनान्स बैंक | एन.बी.एम. | |
| ६. | वडा नं ६ | प्रोग्रेसिभ फाईनान्स बैंक | प्रोग्रेसिभ फाईनान्स बैक | यथावत |
| ७. | वडा नं ७ | प्राईम कमर्सियल बैंक लि. | माछापुच्छ्रे बैक लि. | यथावत |
| ८. | वडा नं ८ | प्राईम कमर्सियल बैंक लि. | प्राईम कमर्सियल बैंक लि. | |
| ९. | वडा नं ९ | प्राईम कमर्सियल बैंक लि. | गरिमा विकास बैंक लि. | |
| १०. | वडा नं १० | प्राईम कमर्सियल बैंक लि. | राष्ट्रिय वाणिज्य बैंक लि | |
| ११. | वडा नं ११ | एन.सी.सी. | एन.सी.सी. | यथावत |
| १२. | वडा नं १२ | एन.सी.सी. | कुमारी बैंक लि. | |

# मलंगवा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### मलंगवा, सर्लाही
### मधेश प्रदेश,नेपाल

प.सं.                                                    मिति २०७९।०९।०६

च.नं.:

प्रस्तान नं १९ : कृषि भवन निर्माणका लागि जग्गा पुन: छनोट गर्ने सम्वन्धमा

निर्णय : कृषि भवनको जग्गा छनोट गरी प्रक्रिया अघि बढेकोमा यो जग्गा उपयुक्त नभएको भन्ने पत्र प्राप्त भएकाले पुरानो अतिथिगृह रहेको मलंगवा नगरपालिका वडा नं ८ मा रहेको कि न २४ को जग्गा सिफारिस गर्ने ।

प्रस्तान नं २० : विद्यालय शिक्षा कार्यविधि निर्माण गर्ने सम्वन्धमा

निर्णय : सामाजिक विकास समितिबाट सरोकारवालाको सुझाव समेत ग्रहण गरी अघि बढेको तथा विधेयक समितिबाट स्वीकृत भई पेश भएको नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि २०७९ पारित गर्ने । साथै आजकै मितिबाट लागु गर्ने गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने ।

प्रस्तान नं २१ : दीर्घ रोगहरू जस्तै : किड्नी तथा मृगौला लगायत ५ किसिमका रोगीलाई मासिक पाँच हजार दिने सम्वन्धमा

निर्णय : दीर्घ रोगहरू जस्तै : किड्नी तथा मृगौला लगायत ५ किसिमका रोगीलाई मासिक पाँच हजार तत्काल नगरपालिकाबाट उपलब्ध गराई सम्वन्धित निकायबाट शोधभर्ना लिने ।

प्रस्तान नं २२ : जग्गा वर्गीकरण र कित्ताकाट फुकुवा सम्वन्धमा

निर्णय : भू उपयोग ऐन २०७६ को दफा १८ अनुसार स्थानीय तह भूउपयोग परिषद गठन गर्ने । तथा यस समितिबाट जग्गा वर्गीकरण सम्वन्धी कार्य सम्पन्न गरी जग्गाको कित्ता काट फुकुवा र बेचविखन सहज बनाउने ।

प्रस्तान नं २३ : कार्यक्रमको नाम संशोधन सम्वन्धमा ।

निर्णय : नगरसभाबाट स्वीकृत आ व ०७९।८० को चालु खर्चतर्फ सि नं ८ ब शि नं २१२१४, कर्मचारी कल्याण कोष मा विनियोजित बजेटको स्रोत 'आन्तरिक राजस्व' रहेकोमा यसलाई संशोधन गरी 'मालपोत राजश्व' कायम गर्ने नगरप्रमुख तहबाट निर्णय अनुमोदन गर्ने ।

प्रस्तान नं २४ : नगरपालिकाको प्रशासकीय भवन निर्माण कम्पनीको म्याद थप सम्वन्धमा

निर्णय : नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यमा सम्लग्न ड्रागन शिवालय जे.भि. कम्पनीको म्याद सकिएको र सो कम्पनीवाट प्रक्रिया थप २०८० असार मसान्तसम्म थप गर्ने र निर्माण कार्यमा थप तदारूकता कायम गरी यथाशीघ्र सम्पन्न गर्न निर्देशन दिने ।

प्रस्तान नं २५ : नव प्रवर्तन कोषका लागि प्रदेश सरकार समक्ष परियोजना प्रस्ताव पेश गर्ने सम्वन्धमा

निर्णय : मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयबाट नवप्रवर्तन साझेदारी सम्बन्धी कार्य गर्न आव्हान भएकोअनुसार *मलंगवा नगर फुटपाथ व्यवस्थापन तथा दिगो आर्थिक विकास परियोजना,* २०७९ प्रस्ताव पेश गर्ने र नगरपालिकाबाट लाग व्यहोर्ने ।

प्रस्तान नं २६ : नगर सभाका पदाधिकारी तथा सदस्यहरूका लागि साइकल तथा मोवाइल खरिद तथा वितरण गर्ने सम्वन्धमा

निर्णय : नगर सभाको आगामी बैठकबाट अनुमोदन गर्ने गरी नगरपालिकाको क्षमता अनुसार सुविधा लिन चाहने पदाधिकारी तथा सदस्यहरूका लागि तत्कालै साइकल तथा मोवाइल खरिद गरी वितरण गर्ने ।

प्रस्तान नं २७ : नेपाल नगरपालिका संघमा आवद्ध हुने सम्वन्धमा

# मलंगवा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### मलंगवा, सर्लाही
### मधेश प्रदेश,नेपाल

मलंगवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मलंगवा, सर्लाही मधेश प्रदेश स्थापित २०७३

प.सं. मिति २०७९।०९।०६

च.नं.:

निर्णय : तत्कालै नेपाल नगरपालिका संघमा आवद्ध हुन आवेदन दिने र नगर कोशबाट आवश्यक शुल्क प्रवन्ध गर्ने

प्रस्तान नं २८ : नगरपालिकाको स्वमूद्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन सम्वन्धमा

निर्णय : स्थानीय तह संस्थागत क्षमता स्वमू ल्याङ्कन काययववधि, २०७७ र स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि २०७७ अनुसार तत्कालै आवश्यक कार्य प्रक्रिया अघि बढाउने

प्रस्तान नं २९ : शीतलहरका समयमा सडक चोकमा आगो बाल्न दाउराको प्रवन्ध गर्ने सम्वन्धमा

निर्णय : यस वर्षको शीतलहरका समयमा अति विपन्न व्यक्तिका लागि सडक चोक चोकमा आगो बाल्न दाउराको प्रवन्ध गर्ने । यसका लागि रू ५ लाख बजेट नगरस्तरीय बजेटबाट प्रबन्ध गर्ने । साथै नगरपालिकाबाट नगद, जिन्सी वा अन्य सहयोग वितरण सम्वन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।

प्रस्तान नं ३० : नगरपालिकाको स्थापना दिवस (फागुन १८ गते) मनाउने सम्वन्धमा

निर्णय : वि सं २०४३ साल फागुन १८ गते स्थापना भएको यस नगरपालिकाको ३६ औं स्थापना दिवस भव्यताका साथ मनाउने । यसको व्यवस्थापन गर्न नगर कार्यपालिकालाई मूल समारोह निर्देशक समिति कायम गर्ने । स्थापना दिवस व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सबै शाखा प्रमुख र वडा सचिवहरू रहेको कार्यान्वयन समिति गठन गरी जिम्मेवारी दिने । कार्यान्यवयन समितिले यसको विस्तृत कार्य योजना तयार गरी आगामी बैठकमा पेश गर्ने ।

प्रस्तान नं ३१ : मलंगवा ६ मा एकै पटक ३ सन्तान जन्म दिएका श्री जितेन्द्र रायको परिवारलाई सहयोग सम्वन्धमा ।

निर्णय : मलंगवा ६ मा एकै पटक ३ सन्तान जन्म दिएका श्री जितेन्द्र राय तथा श्रीमती गीतादेवी रायको परिवारलाई बढीमा एक लाखसम्म लागत रहने गरी भैसी खरिद गरी वितरण गर्ने । साथै नगरपालिकामा यसरी नगद, जिन्सी वा अन्य सहयोग वितरण गर्ने अलग्गै कार्यविधि निर्माण गरी लागु गर्ने ।

प्रस्तान नं ३२ : बारुणयन्त्र तर्फ कार्यरत कर्मचारीको रासनभत्ता सम्वन्धमा

निर्णय : मलंगवा नपा कार्यालयमा बारुणयन्त्र तर्फ कार्यरत कर्मचारी हरूलाई श्री जि प्र का च नं ७३२९ मिति २०७८। १२।१७ को पत्रअनुसार २०७९ साउनदेखि नै प्रतिदिन प्रति कर्मचारी रु १९२.०५ पैसाका दरले रासन भत्ता उपलब्ध गराउने ।

नवलकिशोर यादव
नगरकार्यपालिका प्रवक्ता
तथा वडाध्यक्ष वडा नं १